मितिः २०८१।०४।०२ गते

समयः बिहान ठिक ८:०० बजे

स्थानः हिमा गाउँपालिकाको सभाहल

माथि उल्लेखित मिति, समय र स्थानमा यस हिमा गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण बहादुर शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका निर्णय गरियो।

उपस्थितीः

| | |
|---|---|
| श्री लक्ष्मण बहादुर शाही | गा.पा. अध्यक्ष |
| श्री गुर्पना शाही | गा.पा. उपाध्यक्ष |
| श्री जगा आचार्य | १ नं का.वा. वडा अध्यक्ष |
| श्री हरि बहादुर रोकाया | २ नं वडा अध्यक्ष |
| श्री धनबिर रोकाया | ३ नं वडा अध्यक्ष |
| श्री जग्ग रोकाया | ४ नं वडा का का.वा. अध्यक्ष |
| श्री कालो शाही | ५ नं वडा अध्यक्ष |
| श्री मुन बहादुर कार्कि | ६ नं का.वा. वडा अध्यक्ष |
| श्री बिक्रम बहादुर शाही | ७ नं वडा अध्यक्ष |
| श्री धनकौरा शाही | कार्यपालिका सदस्य |
| श्री रिता रोकाया | कार्यपालिका सदस्य |
| श्री राजु भण्डारी | कार्यपालिका सदस्य |
| श्री कल्पना सार्कि | कार्यपालिका सदस्य |
| श्री बिर तिम्चा | कार्यपालिका सदस्य |
| श्री परिलाल बि.क. | कार्यपालिका सदस्य |
| श्री रतन बहादुर रावत | (नि.प्रमुख प्रशासकीय अधिकृत) सदस्य सचिव) |

आमन्त्रित

श्री नरसिंह थापा - पशुपन्छी बिकास शाखा प्रमुख

श्री लोक प्रसाद उपाध्याय - स्टोर शाखा प्रमुख (ना.सु.)

श्री दन्तराज रावत - शिक्षा शाखा प्रमुख

श्री बिरेन्द्र बहादुर बम - प्रशासन शाखा प्रमुख

श्री सुर्य बहादुर अधिकारी - MIS Operator

CamScanner

निर्णय नं १: प्रस्ताव १ माथि छलफल गर्दा अनुकुलन कोषको आर्थिक सहयोग, नेपाल सरकार वन तथा वातावरण मन्त्रालय र सयूक्तराष्ट्र संघिय विश्व खाद्य कार्यक्रमको कार्यन्वयनमा स्थानीय साझेदार संस्था पेस नेपाल जुम्लाको आयोजनामा सञ्चालित नेपालको कर्णाली क्षेत्रको खाद्य उत्पादन तथा खाद्य सुरक्षामा जलवायु परिवर्तनद्धारा सृजित चुनौती अनुकुलन सम्बन्धी **CAFS-Karnali** परियोजना कार्यन्वयनको चरणमा भएका सिकाई तथा असल अभ्यासहरुको बारेमा विस्तृत रुपमा प्रस्तुतिकरण भइ छलफल भयो र यस गाउँपालिकाद्धारा सञ्चालन गर्ने परियोजनाहरुमा यी असल अभ्यासहरुलाई निरन्तरता दिइएको र आगामी दिनमा पनि निरन्तरता दिने निर्णय गरियो साथै वडाहरुमा कार्यक्रम सञ्चालनका लागि नेपाल सरकार र विश्व खाद्य कार्यक्रमलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं २: प्रस्ताव २ माथि छलफल गर्दा **CAFS-Karnali** परियोजनाको प्राविधिक सहयोग तथा सहजिकरणमा निर्माण गरिएको स्थानीय अनुकुलन कार्ययोजना LAPA यस गाउँकार्यपालिकाबाट कार्यन्वयनको लागि अनुमोदन भईसकेको परिप्रेक्ष्यमा उक्त कार्ययोजना लाई कार्यन्वयको निरन्तरता दिन यस गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा उक्त दस्तावेजलाई मूलप्रवाहीकरण गरिने तथा उक्त स्थानीय अनुकूलन कार्ययोजना LAPA लाई गाउँपालिको WEBSITE मा राख्ने निर्णय गरियो ।

निर्णय नं ३: प्रस्ताव ३ माथि छलफल गर्दा निर्माण भएका पुर्वाधारहरुको दिगोपना तथा व्यवस्थित सञ्चालनका लागि **CAFS-Karnali** परियोजनाको प्राविधिक सहयोग तथा सहजिकरणमा पुर्वाधार आयोजना मर्मत सम्भार सम्बन्धी कार्यविधी यस गाउँपालिकाको कार्यपालिकाद्धारा अनुमोदन भई मर्मत सम्भार कोषको स्थापना गरि गाउँपालिकामा रहेका पुर्वाधारहरुको स-साना मर्मत सम्भारका क्रियाकलापहरु भइरहेको र यस क्रमलाई निरन्तरता दिने निर्णय गरियो।

CamScanner